नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
काभ्रेपलाञ्चोक
धुलिखेल

☎ ०११-४९०१२३
०११-४९०३२०
०११-४९०२२३

ईमेल- daokavre@gmail.com
daokavre.avilekh@gmai.com
(अभिलेखका लागि)

प.सं.- ०८२/८३
च.नं.-

## दशैं अवधिभर टिपर सञ्चालनमा रोक लगाइएको सम्बन्धी
## अत्यन्त जरुरी सूचना !

नेपालीहरूको महान चाड बडा दशैं, २०८२ पर्वको अवधिभर यस जिल्लाको वि.पी. राजमार्ग, अरनिको राजमार्ग लगायतका सडकमा हुने सवारी चाप र त्यसबाट सिर्जित हुन सक्ने सम्भावित दुर्घटनाहरूलाई न्यूनीकरण गर्न र आम नागरिकको आवागमनलाई सहज बनाउनका लागि देहाय बमोजिमको निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला सुरक्षा समितिको मिति २०८२।०५।३० गतेको निर्णयानुसार मिति २०८२।०६।०६ गतेदेखि २०८२।०६।२२ गतेसम्म (घटस्थापनादेखि पूर्णिमासम्म) जिल्ला भित्र टिपर सञ्चालनमा पूर्ण रुपमा रोक लगाइएको छ।**

यस अवधिमा टिपर सञ्चालन गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को उल्लङ्घन गरेको पाइएमा कानुन बमोजिम कडा कारबाही गरिनेछ।

साथै, अत्यावश्यक सेवाका लागि प्रयोग हुने सवारी साधनहरूलाई भने यो नियम लागू हुने छैन। प्रशासन कार्यालय आम नागरिकको सुरक्षित र सहज यात्राका लागि सदैव कटिबद्ध छ। दशैं पर्वको हार्दिक मंगलमय शुभकामना !

मिति:२०८२/०६/०६

..............................
(सुदर्शन श्रेष्ठ)
सहायक प्रमुख जिल्ला अधिकारी